नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# जलस्रोत अनुसन्धान तथा विकास केन्द्र

पुल्चोक, ललितपुर

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**(२०८० कार्तिक देखि पुससम्म)**

# विषय सूची


१. पृष्ठभुमि......................................................................................१

२. केन्द्रको कार्य विभाजन......................................................................१

३. केन्द्रको संगठनात्मक संरचना...............................................................२

४. शाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्बर...............................................३

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि.........................................................३

६. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया तथा अधिकारी......................................३

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी.............................................................३

८. सूचना अधिकारी र प्रमुखको नाम पद.........................................................३

९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण.................................................४

१०. हाल सम्मको खर्चको विवरण..................................................................४

११. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण...........................................४

## १. पृष्ठभूमि

जलस्रोत अनुसन्धान तथा विकास केन्द्र नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७२/०२/३१ को निर्णयानुसार २०७२/०५/२५ मा स्थापना भएको हो। ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय तथा अन्तर्गतका निकायहरूमा कार्यरत प्राविधिक कर्मचारीहरूलाई आवश्यक तालिम तथा प्रशिक्षण दिलाउनका साथै जलस्रोत विकास तथा व्यवस्थापन सम्बन्धि विभिन्न प्राविधिक पक्षमा अध्ययन, अनुसन्धान तथा अन्वेषण कार्य गर्नु नै यस केन्द्रको मुख्य उद्धेश्य रहेको छ।

## २. केन्द्रको कार्य विभाजन

जलस्रोत अनुसन्धान तथा विकास केन्द्र बाट सम्पादन हुने कार्यहरू देहाय बमोजिम रहेका छन्:

१. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जल तथा ऊर्जा आयोग,जलस्रोत तथा सिंचाइ विभाग, जल तथा मौसम विज्ञान विभाग, विद्युत विकास विभाग र भूमिगत जलस्रोत विकास समितिसँग समन्वय गरी उक्त निकायहरूको कार्य क्षेत्रसँग सम्बन्धित कार्यहरूको कुशल व्यवस्थापन तथा कार्य सम्पादन स्तर वृद्धिको लागि आवश्यक अनुसन्धान कार्यहरू गर्ने/गराउने। अनुसन्धानको आधारमा नीति र कार्यविधि सुधार गर्ने र कार्यान्वयन गर्नका लागि उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र अन्तर्गतका निकायहरूलाई सहयोग गर्ने।

२. सिंचाइ आयोजना, नदीनियन्त्रण/व्यवस्थापन, पहिरो तथा जल विपद न्यूनीकरणका लागि Appropriate Technology लाई बढी प्रोत्साहित गर्न Design Criteria तयार गरि सो लागु गर्न सम्बन्धित निकायहरूसँग समन्वय राख्ने।

३. गुणस्तर नियन्त्रणको लागि आधारभूत मार्ग दर्शन एवं Standards तयार गर्ने।

४. वातावरण संरक्षण र जलवायु परिवर्तन व्यवस्थापनका लागि अनुसन्धानात्मक कार्यगरी सोको नतिजा सम्बन्धित निकायलाई उपलब्ध गराउने।

५. सिंचाइ विकास तथा व्यवस्थापन,नदीनियन्त्रण, जल विपद न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्य सम्पादन स्तर वृद्धिका लागि आवश्यक तालिम कार्यक्रमको योजना, पाठ्यक्रम, तालिम विधि तर्जुमा गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतका प्राविधिक कर्मचारीहरू विशेष गरि Line Function संग सम्बन्धितका लागि तालिमको आवश्यकता पहिचान गरी त्यस्ता तालिमहरू सञ्चालनको व्यवस्था गर्ने।

७. यस केन्द्रबाट सञ्चालन हुने तालिमका लागि आवश्यक पर्ने प्रशिक्षकहरूको रोष्टर अध्यावधिक गर्ने।

८. कार्यान्वयनमा संलग्न जलस्रोत तथा सिंचाइ विकास डिभिजन/सब-डिभिजनहरूलाई तालिम द्वारा कार्य सम्पादन स्तर वृद्धि तर्फ पुनरुन्मुख Reorient गर्ने।

९. सिंचाइ विकासमा संलग्न उपभोक्ताहरुको क्षमता अभिवृद्धिको लागि तालिमको पहिचानगरी तालिम सामग्रीको विकास र गोष्ठी, सेमिनार तथा तालिम कार्यक्रम सञ्चालन गर्ने/गराउने।

१०. सिंचाइ, विद्युत तथा जल विपद न्यूनीकरण तथा व्यवस्थापन र जलस्रोत व्यवस्थापनसँग सम्बंधित बहुउद्धेशीय आयोजनाहरुको भौगर्भिक तथाGeo-Technicalअध्ययन गर्ने/गराउने।

११. Geological Mapping सम्बन्धि अध्ययन गर्ने र सम्बन्धित योजना तथा आयोजनाहरूलाई सूचना एवं आवश्यक सहयोग उपलब्ध गराउने।

१२. हिमाली एवं पहाडी क्षेत्रमा रहेका सिंचाई योजना तथा कार्यक्रमको संरचनालाईबाढी पहिरोजन्य प्रकोप/विपद बाट बचाउन आवश्यक अध्ययन गर्ने।

१३. अन्य योजना तथा कार्यक्रमबाट माग भएका जियोलोजिकल विषयसँग सम्बन्धित प्राविधिक सेवा उपलब्ध गराउने।

१४. भौगर्भिक अध्ययन एवं विश्लेषणसँग सम्बन्धित अन्य निकायहरूसँग समन्वय गर्ने।

१५. भौगर्भिक विषयसँग सम्बन्धित सूचना सङ्कलन एवं अध्यावधिक गर्ने।

१६. भूमिगत जल गुण अनुगमन गर्ने।

१७. भूमिगत जल प्रदुषण सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्ने।

१८. जल गुण प्रयोगशालाको सञ्चालन तथा व्यवस्थापन गर्ने।

१९. जलस्रोत अनुसन्धान तथा विकास केन्द्र अन्तर्गतका अनुसन्धानहरू प्रकाशन गर्ने।

२०. अध्ययन तथा अनुसन्धान भएका प्रतिबेदनहरूको अभिलेख राखे।

२१. अध्ययन तथा अनुसन्धान भएका प्रतिबेदनहरूलाई सुरक्षित राखे र सरोकार वालालाई तत्सम्बन्धमा सूचना प्रवाह गर्ने ।

२२. जलस्रोत, विद्युत, जलविज्ञान, मौसम विज्ञान, सिंचाइ तथा जल विपद व्यवस्थापन सम्वन्धि अध्ययन, अनुसन्धान, अन्वेषण, एवं नवप्रवर्तनशील प्रविधिको विकास तथा जलस्रोत क्षेत्रमा कार्यरत प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।

## ३. केन्द्रको संगठनात्मक संरचना

**कार्यकारी निर्देशक**
रा.प. प्रथम/इन्जि./समूहकृत नहुने-१

**जलवायु परिवर्तनतथा अनुसन्धान शाखा**
सि.डि.इ./रा.प.द्वि./इन्जि./सिभिल/इरि. - १
इन्जिनियर/रा.प.तृ./इन्जि./सिभिल/इरि. - १
हा.जि/रा.प.तृ./इन्जि./जियो/हाइड्रो जियो - १
ड्रिलर/रा.प.अनं.प्र./इन्जि./मेका./नि.उ.स. -१

**तालिम तथा जनशक्ति विकास शाखा**
सि.डि.इ./रा.प.द्वि./इन्जि./सिभिल/इरि - १
ब. समाजशास्त्री/रा.प.द्वि./विविध-१
हा.जि/रा.प.तृ./इन्जि./जियो/हाइड्रो. जियो - १
इन्जिनियर/रा.प.तृ./इन्जि./एग्री.इरि - १
कम्प्युटर अपरेटर/रा.प.अनं.प्र./विविध-१

**प्रलेख तथा सूचना शाखा**
पुस्तकालय अधिकृत /रा.प.तृ./शिक्षा/पु.वि.-१
कम्प्युटर अपरेटर/रा.प.अनं.प्र./विविध-१

**प्रयोगशाला तथा अन्वेषण शाखा**
सि.डि.इ.जि/रा.प.द्वि./इन्जि./जियो/इन्जि जियो -१
इन्जिनियर/रा.प.तृ./इन्जि./सिभिल/इरि - १
इ.जि/रा.प.तृ./इन्जि./जियो/इन्जि. जियो - १
हा.जि/रा.प.तृ./इन्जि./जियो/हाइड्रो. जियो - १
ल्याब टेक्निसियन/रा.प.अनं.प्र./इन्जि./केमिष्ट -२
ड्रिलर/रा.प.अनं.प्र./इन्जि./मेका./नि.उ.स. -१

**प्रशासन शाखा**
प्रशासकीय अधिकृत/रा.प.तृ./प्र./सा.प्र.- १
नायब सुब्बा/रा.प.अनं.प्र./प्र./सा.प्र.- २
कम्प्युटर अपरेटर/रा.प.अनं.प्र./विविध-१
का.स.-९,ह.स.चा.-३

**आर्थिक प्रशासन शाखा**
लेखा अधिकृत/रा.प.तृ./प्र./लेखा- - १
लेखापाल/रा.प.अनं.प्र./लेखा - १

## ४. शाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्बर

| क्र. सं. | शाखा | जिम्मेवार अधिकारी | टेलिफोन नं. |
|---|---|---|---|
| १ | कार्यकारी निर्देशक | डा. सन्तोष कैनी | ०१-५५३५४०७ |
| २ | जलवायु परिवर्तन तथा अनुसन्धान शाखा | सि.डि.इ. श्री जेविन ताम्राकार | ०१-५५४३२८५ |
| ३ | प्रयोगशाला तथा अन्वेषण शाखा | सि.डि.इ.जि. डा. अनन्तमान सिँह प्रधान | ०१-५५२६०७८ |
| ४ | तालिम तथा जनशक्ति विकास शाखा | सि.डि.इ श्री दिनेश पराजुली | ०१-५५३५५०३ |
| ५ | प्रलेख तथा सूचना शाखा | पुस्तकालय अधिकृत, श्री महेश खनाल | ०१-५५४३०९७ |
| ६ | प्रशासन शाखा | प्रशासकिय अधिकृत, श्री सुनिता उप्रेती | ०१-५५३५५०२ |
| ७ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत, श्री मदन भण्डारी | ०१-५५३६२५४ |

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

क. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

१. सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम, र

२. अन्य विशेष कानुनले तोके बमोजिमको दस्तुर

ख. सेवा प्राप्त गर्न लाग्ने अवधि

१. सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, र

२. अन्य विशेष कानुनले अवधि तोकेकोमा सोहि बमोजिमको

## ६. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया तथा अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित शाखामा आवश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रक्रिया अगाडी बढाइने।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यकारी निर्देशकः डा. सन्तोष कैनी

## ८. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद

प्रमुखः कार्यकारी निर्देशक डा. सन्तोष कैनी

प्रवक्ताः सि.डि.इ. श्री जेविन ताम्राकार

सूचना अधिकारीः पुस्तकालय अधिकृत श्री महेश खनाल

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

जलस्रोत अनुसन्धान तथा विकास केन्द्रबाट यस आ. व. २०८०/८१ को २०८० साउनदेखि पुस मसान्तसम्ममा सम्पादन भएका मुख्य मुख्य कार्यहरू निम्नानुसार रहेका छन् :

क) Construction of Model Landslide Project at Chandragiri-2 and 13 कार्य सम्पन्न भएको,

ख) Smart irrigation system Gomati, Dhading को पोखरी निर्माण तथा नहर संरचना निर्माण कार्य भइरहेको,

ग) Design and Installation of Landslide Monitoring and Early Warning System को कार्य भइरहेको,

घ) Assessment of Groundwater Zonation in Terai belt of Dang, Kapilvastu, Rupandehi, West Nawalparasi, East Nawalparasi and Chitwan District कार्य सम्पन्न भएको,

ङ) Installation of smart GW monitoring system to establish empirical relations between rainfall and GW level in hilly region for sustainable harnessing of Mountain aquifer को कार्य भइरहेको।

## १०. हाल सम्मको खर्चको विवरण

जलस्रोत अनुसन्धान तथा विकास केन्द्रबाट २०८० साउन देखि २०८० पुसमसान्त सम्मको खर्च निम्नानुसार रहेको छः

| जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | विनियोजित बजेट (रू लाखमा) | खर्च (रू लाखमा) | वित्तिय प्रगति (वार्षिक) |
|---|---|---|---|
| पुँजीगत | ४०६.८१ | १६७.९७ | ४१.२९% |
| चालु | १२३.५९ | ९४.८५ | ७६.७५% |
| जम्मा | ५३०.४० | २६२.८२ | ४९.५५% |

## ११. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण

यस केन्द्रको वेबसाइट www.wrrdc.gov.np रहेको छ।